
स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायिका एलिना चौहानले आफूले विभिन्न कार्यक्रममा प्रस्तुति दिएको पारिश्रमिक ढिलो नगरी दिन आग्रह गरेकी छन्। उनले सामाजिक सञ्जालमा एक पोस्ट गर्दै पारिश्रमिक दिन ढिलो गरे अर्को कदम चाल्ने चेतावनी दिएकी हुन्।उनी लेख्छिन्, "कृपया थप ढिलाइ नगरी मेरो पारिश्रमिक उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु, अन्यथा म अर्को कदम चाल्न बाध्य हुनेछु। धन्यवाद। रिप्लाई नगरे पनि यो त देखिएला।

**आजको विचार...**



मनिकर कार्की

कसको... *(दुई पेजमा)*

दुई साताअघि प्रदर्शनमा आएको फिल्म "लालीबजार"ले बक्स अफिस चलायमान बनाइरहेका बेला दुई प्रतिक्षीत फिल्म "मितज्यू" र "काजी" एकसाथ प्रदर्शनमा आएका छन्। स्थापित कलाकारहरूको अभिनय र प्रचार सामग्रीले दर्शकमा बढाएको उत्साहका कारण यी दुवै फिल्मले सुखद व्यापार गर्ने अपेक्षा गरिएको छ। दुई फिल्ममध्ये शो संख्यामा "मितज्यू" अगाडि देखिएको छ। यसले शुक्रबारका लागि देशव्यापी लगभग १२० शो पाएको छ भने "काजी"को शो ९० हाराहारी छ।



❒ वर्ष ३१ ❒ अंक २९५ ❒ २०८३ जेठ १० गते आइतबार 24 May 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## नेपाल पत्रकार महासंघ पाल्पाको साधारण सभा

# सात बुँदे घोषणापत्र जारी, स्थानीय सञ्चार नीति बनाई कार्यान्वयन गर्न जोड

**हाम्रा संवाददाता**

**पाल्पा,** जेठ ९/ नेपाल पत्रकार महासंघ पाल्पा शाखाको साधारण सभा सात बुँदे घोषणापत्र जारी गर्दै सकिएको छ । शनिबार तानसेनमा सम्पन्न साधारण सभाले स्थानीय सञ्चार नीति बनाई कार्यान्वयन गर्न जोड दिदै साधारण सभा सकिएको हो ।

सभाले जिल्लाका दुई नगरपालिका र आठ गाउँपालिकालाई नेपाल पत्रकार महासंघ पाल्पा शाखाको समन्वयमा स्थानीय सञ्चार नीति बनाई कार्यान्वयन गर्न जोडदार माग गरेको छ । स्थानीय तहमा प्रभावकारी सूचना प्रवाह, नागरिकको सूचनामा पहुँच तथा सञ्चार क्षेत्रको व्यवस्थित विकासका लागि स्थानीय सञ्चार नीति निर्माण र कार्यान्वयन गर्नुपर्नेमा सभाको बन्द सत्रले जोड दिएको छ । स्थानीय सरकार, सञ्चारमाध्यम र




नागरिकबीच समन्वय बढाउन स्पष्ट सञ्चार नीति आवश्यक रहेको सभाको ठहर छ । घोषणा पत्रमा सूचना प्रविधिको बढ्दो प्रयोगसँगै स्थानीय तहले आफ्ना गतिविधि पारदर्शी रूपमा सार्वजनिक गर्नुपर्ने आवश्यकता उल्लेख गरेको छ । यस्तै सरकारले सबै तहका सरकारी विज्ञापन र सूचनाहरू केवल सरकारी सञ्चालित मिडियामा मात्र दिने र निजी तथा व्यावसायिक मिडियामा पूर्ण रोक लगाउन गरेको अदूरदर्शी निर्णयप्रति साधारणसभा घोर भत्सर्ना गरेको छ । विज्ञापन बजारको विकृति रोक्न 'थर्ड पार्टी बिलिङ' र कडा अनुगमन प्रणाली लागू गर्नुको साटो चालिएको यो प्रत्युत्पादक निर्णय तत्काल फिर्ता लिन र सरकारी विज्ञापनमा सबै सञ्चारमाध्यमको समान हक सुनिश्चित गर्न सभाले सरकारसँग जोडदार माग गरेको छ । यस्तै स्थानीय सरकार र सरोकारवाला निकायका सूचनाहरू केवल सरकारी सञ्चालित मिडियामा मात्र सीमित गर्दा गाउँ-गाउँका आमनागरिक आफ्नो पायक पर्ने स्थानीय सञ्चार माध्यमबाट सूचना पाउने संवैधानिक अधिकारबाट वञ्चित हुने अवस्था सिर्जना भएकाले स्थानीय तहका सूचना र विज्ञापनहरू स्थानीय सञ्चारमाध्यमले नै पाउने गरी 'विज्ञापन ऐन र आचारसंहिता' पूर्ण रूपमा कार्यान्वयन गर्न पाल्पाका सबै स्थानीय सरकारहरूसँग सभाले जोडदार माग गरेको छ । यस्तै सभाले मिडिया क्षेत्रमा आएको चरम वित्तीय संकटका कारण सञ्चारगृहहरू बन्द हुने अवस्थामा पुगेको , न्यून र अनियमित पारिश्रमिकका कारण दक्ष, अनुभवी र उदयमान पत्रकारहरू पेसा नै छाडेर पलायत हुने अवस्था आएकाले यसतर्फ सरोकारवाला निकायलाई साधारण सभा ध्यानाकर्षण गराउने घोषणा पत्रमा उल्लेख छ ।

*(...बाँकी अन्तिम पेजमा)*

## संक्षिप्त समाचार

### कोइलाखानीमा ग्यास विस्पोट हुँदा ८ को मृत्यु

**(रासस/ एएफपी)**

**बेइजिङ,** जेठ ९/उत्तरी चिनको एउटा कोइला खानीमा ग्याँस विस्फोट हुँदा कम्तीमा आठ जनाको मृत्यु हुनुका साथै दर्जनौं वेपत्ता भएको जनाइएको छ । सिन्ह्वा समाचार एजेन्सीका अनुसार शानक्सी प्रान्तको लिउसेनयु कोइला खानीमा शुक्रबार साँझ ७:२९ बजे विस्फोट भएको थियो । विस्पोटको समयमा २४७ जना कामदारहरू कोइलाखानीमै फसेको उल्लेख गर्दै ती मध्ये २०१ लाई शनिबार सुरक्षित रूपमा उद्धार गरिएको सिन्ह्वाले जनाएको छ । स्थानीय आपतकालीन व्यवस्थापन अधिकारीहरूलाई उद्धृत गर्दै सिह्न्वाले आठ जनाको मृत्यु भएको पुष्टि गरेको छ भने ३८ जना अझै वेपत्ता रहेकाले उनीहरुको खोजी कार्य जारी रहेको बताएको छ । राष्ट्रपति सी जिनपिङले घाइतेहरूको उपचार गर्न सम्भावित 'सबै प्रयास' गर्न आग्रह गदै घटनाको गहन अनुसन्धान गर्न आह्वान गरेको सिन्ह्वाले जनाएको छ । उहाँले सबै क्षेत्र र विभागहरूले यो दुर्घटना बाट पाठ सिकेर कार्यस्थलको सुरक्षाको सन्दर्भमा निरन्तर सतर्क रहनु पर्ने र विनाशकारी घटनालाई नियन्त्रण गर्नु पर्ने कुरामा जोड दिएका छन् ।

## पत्रकार महासंघ पाल्पाले गर्‍यो पूर्व अध्यक्षहरुलाई सम्मान



पाल्पा, जेठ ९/ नेपाल पत्रकार महासंघ पाल्पा शाखाले पूर्व अध्यक्षहरुलाई सम्मान गरेको छ । महासंघले शनिबार तानसेनमा आयोजना गरेको साधारण सभामा योगदानको कदर गर्दै ६ जना पूर्व अध्यक्षहरुलाई सम्मान गरेको हो ।

महासंघले शाखाका संस्थापक अध्यक्ष मेघराज शार्मा, गोविन्द भट्टराई, झपेन्द्र गहिरे, भगवान भण्डारी, राजेश कुमार अर्याल र रेखीराम रानालाई सम्मान गरेको हो । उनीहरुलाई सम्मान पत्र र दोसल्लाले लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेमबहादुर सारु, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रामराज पोखरेल, शाखाका अध्यक्ष कमलराज तिमिल्सेनाले सम्मान गरेका थिए । लोकतान्त्रिक मूल्य, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, नागरिक अधिकार तथा सत्य तथ्यमा आधारित उत्तरदायी पत्रकारिताको संरक्षण र प्रवर्द्धनका निम्ति निरन्तर प्रतिबद्ध रहँदै पत्रकारिता क्षेत्रको गरिमा उन्नयनमा विशिष्ट योगदान पुर्‍याउनुको साथै पत्रकारहरूको पेशागत सुरक्षा, हकहित, क्षमता अभिवृद्धि तथा व्यावसायिक मर्यादाको सुदृढीकरणमा दूरदर्शी नेतृत्व प्रदान गर्दै स्थानीय सञ्चार माध्यमहरूको संस्थागत सवलीकरण, समावेशी तथा न्यायोचित विज्ञापन वितरण प्रणालीको पक्षमा सशक्त पैरवी गर्नु गरी नेपाल पत्रकार महासंघ पाल्पा शाखाको संस्थागत विकास, एकता, प्रतिष्ठा र प्रभाव विस्तारमा उल्लेखनीय भूमिका निर्वाह गरेको भन्दै महासंघले उनीहरुलाई सम्मान गरेको जनाएको छ ।

## भैरहवालाई नमूना पर्यटकीय सहर बनाउने घोषणा

**भैरहवा,** जेठ ९/सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खानले भैरहवालाई नमूना पर्यटकीय सहर बनाउने घोषणा गरेका छन् । यहाँ आयोजित 'भैरहवा सहर: उद्योग, पर्यटन र व्यापार' विषयक बहसपछि साझा प्रतिबद्धता जनाउँदै नगर प्रमुख खानले भैरहवालाई नेपालको नमूना पर्यटकीय सहरका रूपमा विकास गर्न नगरपालिकाले नीति तथा कार्यक्रममार्फत पहल गर्ने बताए ।




बहसमा सहभागी पर्यटन व्यवसायी चन्द्रप्रकाश श्रेष्ठ (सीपी) ले स्थल र हवाईमार्गबाट सहज पहुँच रहेको भैरहवालाई पर्यटकीय हबका रूपमा विकास गर्न ढिलाइ गर्न नहुने धारणा राखे । होटल एसोसिएसन नेपालका केन्द्रीय सदस्य तथा सिद्धार्थ होटल एसोसिएसन (सान) का अध्यक्षसमेत रहेका उनले आगामी बजेट तथा कार्यक्रममा भैरहवालाई पर्यटकीय सहरका रूपमा प्राथमिकता दिनुपर्ने बताए । स्थलमार्ग हुँदै तेस्रो मुलुकका सबैभन्दा बढी पर्यटक भित्रिने बेलहिया नाका भैरहवामै पर्दछ । बेलहिया र भैरहवाबाट नेपालका विभिन्न स्थानमा सिधा बस सेवा सञ्चालन हुँदै आएको छ । सिद्धार्थ यातायात र पश्चिम नेपाल बस समितिले सञ्चालन गरेका सयौं बसले दैनिक सेवा दिइरहेका छन् । बहसमा सहभागीहरुले पर्यटकीयस्तरका होटल, स्पा, क्यासिनो, क्लब तथा पर्यटकीय रेष्टुराँ पर्याप्त रहेको भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट देशका विभिन्न स्थानमा आन्तरिक उडान विस्तार गर्न नगर सरकारले पहल गर्नुपर्ने सुझाव दिएका थिए । निर्माण व्यवसायी महासैका पूर्वकेन्द्रीय उपाध्यक्ष टोपबहादुर रायमाझीले भैरहवालाई सुन्दर र पर्यटकीय सहरका रूपमा विकास गर्न निर्माण व्यवसायीले पूर्ण साथ दिने बताए । उनले निर्माण व्यवसायीले गरेको कामको ठूलो रकम अझै भुक्तानी नपाए पनि भैरहवालाई पर्यटकीय र व्यवस्थित सहर बनाउन सहयोग जारी राख्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा चेम्बर अफ कमर्स लुम्बिनीका कोषाध्यक्ष खिमबहादुर खत्रीले भैरहवाको व्यापार र पर्यटनमैत्री वातावरणलाई थप व्यवस्थित बनाउन नगर सरकारले विशेष ध्यान दिनुपर्ने बताए । महिला उद्यमी सलुजा रामदमले भैरहवालाई महिलामैत्री सहरका रूपमा विकास गर्न सके पर्यटन र उद्यमशीलता दुवै क्षेत्र विस्तार हुने धारणा राखिन् । उनले महिला उद्यमीलाई प्रोत्साहन गर्ने विशेष कार्यक्रम आवश्यक रहेको बताए ।

*-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## प्रकृति संरक्षण: चुनौती र जिम्मेवारी

**नेपाल प्राकृतिक सम्पदाले सम्पन्न मुलुक हो । हिमाल, पहाड, तराई, वनजंगल, नदी–नाला, जैविक विविधता र दुर्लभ वन्यजन्तुले नेपाललाई विश्वमै विशेष पहिचान दिएका छन् । तर पछिल्ला वर्षाहरूमा प्रकृति संरक्षणको क्षेत्रमा गम्भीर चुनौतीहरु देखा परिरहेका छन् । विकासको नाममा भइरहेको अव्यवस्थित दोहन, बढ्दो वातावरणीय प्रदुषण, वन विनाश तथा जलवायु परिवर्तनका असरले नेपालको प्राकृतिक सन्तुलन कमजोर बन्दै गएको छ । विशेषगरी सडक विस्तार, जथाभावी खानी उत्खनन, नदीजन्य पदार्थको अत्यधिक दोहन तथा अव्यवस्थित शहरीकरणले वातावरणीय संकट बढाएको छ। कतिपय स्थानमा विकास निर्माणका काम वातावरणीय प्रभाव मूल्यांकनलाई बेवास्ता गरेर सञ्चालन गरिँदा प्राकृतिक संरचना नै जोखिममा परेका छन् । वन क्षेत्र घट्दै जाँदा वन्यजन्तुको बासस्थान नष्ट भइरहेको छ भने मानव–वन्यजन्तु द्वन्द्व पनि बढ्दो अवस्थामा छ। जलवायु परिवर्तन अर्को गम्भीर चुनौतीका रुपमा देखिएको छ । हिमालमा हिउँ पग्लिने गति तीव्र हुँदै गएको छ भने अनियमित वर्षा, बाढी, पहिरो र खडेरीका घटनाले जनजीवन प्रभावित बनाइरहेका छन् ।**

**नेपालले विश्व प्रदूषणमा न्यून योगदान गरे पनि यसको असर भने अत्यधिक भोगिरहेको अवस्था छ । यसले कृषि, पर्यटन र जनस्वास्थ्यमा समेत प्रत्यक्ष प्रभाव पारेको छ । प्रकृति संरक्षणका लागि बनेका नीति तथा कानुन प्रभावकारी कार्यान्वयन हुन नसक्नु पनि अर्को समस्या हो । संरक्षणका नाममा योजना बन्ने तर व्यवहारमा कमजोर अनुगमन हुने प्रवृत्तिले अपेक्षित परिणाम आउन सकेको छैन । स्थानीय तहदेखि केन्द्रसम्म समन्वयको अभाव, जनचेतनाको कमी तथा राजनीतिक प्राथमिकतामा वातावरणीय विषय पछाडि पर्नु चिन्ताजनक पक्ष हुन् । अब प्रकृति संरक्षणलाई केवल वातावरणविद्को चासोको विषय मात्र मान्न मिल्दैन । यो मानव अस्तित्व र भावी पुस्ताको सुरक्षासँग प्रत्यक्ष जोडिएको सवाल हो । त्यसैले दिगो विकासको अवधारणालाई व्यवहारमा उतार्दै प्राकृतिक स्रोतको विवेकपूर्ण उपयोग गर्नुपर्छ । समुदायको सहभागिता, प्रभावकारी कानुन कार्यान्वयन तथा वातावरणमैत्री विकास नीति अपनाउन सके मात्र नेपालले आफ्नो प्राकृतिक सौन्दर्य र जैविक विविधतालाई दीर्घकालसम्म जोगाउन सक्नेछ ।**

## Opinion @ Social Network

छोरामा लागेको दाग त उसको कमाइले धोइदिनछ् तर
छोरीमा लागेको दाग उसको मृत्यु पछि पनि जिवित रहनछ् ।
*(मनिषा आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Manisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कसको नीति, कसको कार्यक्रम ?



## मनिकर कार्की

सरकारले राष्ट्रपति रामचन्द्र पौडेलमाफर्फत आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । तर, नीति तथा कार्यत्रम सार्वजनिक गर्दा बखतको संसद् बैठकको दृश्य भने निकै उदेकलाग्दो देखियो । राष्ट्रपतिले नीति तथा कार्यक्रम वाचन गरिरहँदा प्रधानमन्त्री बालेन्द्र शाह भने संसद्बाट बाहिरिए । प्रधानमन्त्रीको सो कदमले संसद् र राष्ट्रपति समेतको मानमर्दन गरेको भन्दै विपक्षी दलका सांसदहरूले संसद्मा आपत्ति प्रकट गरे भने सामाजिक सञ्जाल एवम् सञ्चारमाध्यमहरूबाट समेत सो कदमको विरुद्ध कटाक्ष बर्सिएको थियो र यो उपक्रम अझै पनि जारी छ । नीति तथा कार्यक्रम सरकारको योजना हो । सरकारको घोषणा हो । राष्ट्रप्रमुखका नाताले राष्ट्रपतिले सो कार्यक्रमको वाचन गर्ने परम्परा रहेको हो । नीति कार्यक्रमप्रतिको स्वामित्वका लागि समेत कार्यक्रम प्रस्तुतिका क्रममा प्रधानमन्त्री संसद्मा उपस्थित हुनुपर्दथ्यो । तर, प्रधानमन्त्रीको हल्का र अल्लारे शैलीले संसदीय मर्यादामा आँच त पुगेको छ नै, स्वयम् सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रम कसको हो ? भन्ने गम्भीर प्रश्न उत्पन्न गरिदिएको छ । यदि सरकारको नीति तथा कार्यक्रम हो भने सरकारप्रमुखले त्यसरी नजरअन्दाज गर्दै राष्ट्रपतिले वाचन गर्दैगर्दा बाँकटे हानेर बाहिरिनुहुन्थेन । प्रधानमन्त्रीको यस्तो शैलीले राष्ट्र नै लज्जित हुनु परेको छ भने सम्मानित राष्ट्रपतीय संस्था, संविधान र संसद्प्रति नै मानमर्दन भएको महसुस भएको छ । त्यति मात्र हैन, जनताको रगत, पसिना, बलिदानी र दशकौंदेखिको राजनीतिक संघर्षबाट प्राप्त गरिमामय संस्थाहरूप्रति उपेक्षा गर्नु भनेको जनताको भावना र आस्थामाथिकै उपेक्षा हो । त्यसो त प्रधानमन्त्री बालेन्द्र शाहले आफू निर्वाचित भइसकेपछि र प्रधानमन्त्री समेत भइसकेपछि पनि मुलुक र मुलुकवासीका नाममा कुनै औपचारिक सम्बोधन गरेका छैनन् । नयाँले जे गरे पनि राम्रो हुने, जस्तोसुकै रवैया पनि ग्राह्य हुने मनोरोग अहिले भाइरल बनेको छ । व्यक्तिको निजी हाउभाउ, लवाइ-खवाइ, औपचारिक तथा अनौपचारिक पोशाकदेखि सञ्चारकर्मीहरूलाई उपेक्षाभावले बाँकटे हान्दै उछलकुद गर्दै हिंडेको दृश्यसम्म मन पर्ने र नक्कल गर्ने जमातको बोलवाला चलेको बखत हरेक कुरामा क्रमभङ्गता देख्ने मनोरोग बल्झिनु स्वाभाविक हो । र, यस्तो रोगले ठीक र बेठीक, सही र गलत, मर्यादित र अमर्यादित, उचित र अनुचित व्यवहार तथा कार्यशैलीबारे विमर्श गर्न दिँदैन । तर, प्रधानमन्त्री बनेदेखि अहिलेसम्म पनि हाम्रा प्रधानमन्त्री बालेन्द्र शाहका हाउभाउ, शैली र रवैया स्याबासी दिने खालको भने देखिएको छैन । यसबाट निश्चय नै आत्मरतिमा रमाउन त सकिएला, तर राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय राजनीतिक एवम् कूटनीतिक क्षेत्रमा भने साख गिर्ने र अल्लारेपनको प्रदर्शन हुने बाहेक गम्भीर र दूरगामी परिणाम दिनेछैन । अब नीति कार्यक्रमतर्फ नै लागौं । सरकारले नीति तथा कार्यक्रममा संविधान संशोधनको बहसपत्र तयार गर्ने कार्यलाई प्राथमिकतामा राखेको देखिन्छ । तथापि बहसपत्रबारे सरकारी संयन्त्रले आयोजना गरेको छलफल हेर्दा त्यो केवल प्रशासनिक विमर्श झैं प्रतीत हुन्छ । सरकारी प्रतिनिधिमण्डलले गरेको छलफल र त्यसका लागि लक्षित व्यक्तिहरू हेर्दा लाग्छ सरकारी टोलीले संविधानको प्रस्तावनाको पृष्ठभूमि, त्यसको मर्म र भावना अनि विगतमा त्यो संविधान प्राप्तिका लागि भए/गरेका राजनीतिक संघर्षको योगदानलाई भने नजरअन्दाज गरे झैं देखिंदैछ । प्रशासनिक एवम् एकाङ्गी शैलीबाट तयार गरिने बहसपत्रमा मुलुकको अर्थ-राजनीतिक समस्याको जरो फेला पर्ला भन्नेमा प्रशस्त शंका छ । न्यून उत्पादन र अधिक उपभोग नै हाम्रो अर्थतन्त्रको विरोधाभासपूर्ण समस्या हो । यसको डाइनामिक्सलाई सही ठाउँमा ल्याउनका लागि आन्तरिक उत्पादनमा वृद्धि अपरिहार्य हुन्छ । सरकारले आन्तरिक उत्पादन वृद्धि गर्ने औजारको रूपमा उत्पादन लागत घटाउन, व्यवसाय गर्ने वातावरण सरल बनाउन नीतिगत एवम् कानूनी सुधारको आवश्यकता औंल्याएको छ, यो एकहदसम्म सही निष्कर्ष नै हो । तर पनि मुख्य कुरा भने त्यसको कार्यान्वयन कसरी हुन्छ भन्नेमै सो लक्ष्यको गन्तव्य सन्निहित रहन्छ । सीमारहित अर्थतन्त्र, तौलरहित व्यापार, डिजिटल अर्थतन्त्र आदि जस्ता लोकप्रिय र फेन्सी शब्दावलीले भरिपूर्ण नीति तथा कार्यक्रमबाट आधारभूत तहसम्म रोजगारी र आयआर्जन सिर्जना कसरी होला ? सरकारले ग्रामीण अर्थतन्त्रको पुनर्जीवन र कृषिलाई सम्मानजनक उद्यमशील पेशाको रूपमा स्थापित गर्ने घोषणा गरेको छ जसका लागि विदेशबाट फर्किएका जनशक्तिलाई कृषि उद्यममा आकर्षित गरिने भनिएको छ । तर, नेपालको कृषिले न त व्यावसायिक स्वरुप ग्रहण गर्न सकेको छ, न पछिल्लो समय व्यावसायिक बन्न खोज्दै गरेका कृषि उद्यमीहरू नै सफल भएका छन् । खासगरी कृषिमा आफैं काम नगर्दासम्म यसको महत्व नै नबुझ्ने अवस्था छ । अनि कृषिमा काम गर्न अहिलेको युवा पुस्ता कसैगरे पनि रुचिकर मानिरहेको छैन । अनि कृषिको कुरा गर्दा जमिनको उपलब्धताबारे गम्भीर समस्या विद्यमान छ । जमिनसँग आवास र ऐतिहासिक भूमि सम्बन्ध र स्वामित्व पनि सँगै आउँछ । अत: जमिन, आवास र भूमिको उपयोगिताबारे स्पष्टता नभएसम्म व्यावहारिक रूपमा नेपालको कृषि उन्नत हुनसक्ने देखिंदैन । 'विकास' र 'व्यवस्थापन'का लागि भन्दै सुकुम्वासी र भूमिहीन नागरिकका बस्तीमा डोजरतन्त्र चलाएर चैन मान्ने सरकारले भूमि-सम्बन्धको जटिल समस्या समाधान गर्ला ? त्यस्तै कृषिका लागि श्रम जरूरी हुन्छ । तर, नेपालको शिक्षाले श्रम चिन्दैन । खासमा श्रमप्रतिको सम्मान र कामप्रतिको मोह नै सिर्जना हुन नसक्नाले हाम्रो युवाशक्ति खेर गइरहेको प्रतीत हुन्छ । अनि नेपालको कृषिलाई बजार शृङ्खलासँग अटुट रूपले जोड्न सकिएको छैन । राज्यले त्यही बजार निर्माणका लागि पहल गरिदियो र हरेक किसान परिवारले उत्पादन गर्ने स-सानो पैमानाका कृषिजन्य सामग्री स्वत: (किसानको पहल विना नै) बजारसम्म पुग्ने वातावरण बन्यो भने बल्ल नेपाली कृषिले केही गति लिनसक्ने देखिन्छ । सरकारको नीति तथा कार्यक्रममा भूमि व्यवस्थापन र बजारीकरणको स्पष्ट मार्गचित्र छुटेको प्रतीत हुन्छ । सरकारले सन् २०८३/८४ देखि 'रोजगार प्रवर्द्धन दशक' घोषणा गर्ने जनाएको छ । तर, यो घोषणा पनि विगतमा जस्तै यति लाख रोजगारी र उति लाख रोजगारी सिर्जना गरिनेछ भनेर गरिने घोषणा जस्तै हुने देखिन्छ । किनकि सरकार आफैंले रोजगारी सिर्जना गर्न सक्दैन, रोजगारी सिर्जनाका लागि देशमा लगानीमैत्री वातावरण बनाउने, प्रशासनिक एवम् कानूनी जटिलता फुकाउने र अर्थतन्त्रमा विश्वासको वातावरण सिर्जना गर्न जरूरी छ । सरकारले आवासविहीन, सीमान्तकृत, विपन्न तथा विपद् प्रभावित समुदायका लागि किफायती र सुविधायुक्त आवास योजना कार्यान्वयन गर्ने उल्लेख गरेको छ र वास्तविक भूमिहीनको पहिचान गरी स्थायी आवासको स्वामित्व सुनिश्चित गरिने उल्लेख गरेको छ । वास्तवमै आवास नागरिकको मौलिक हक हो । कुनै पनि व्यक्ति आवासविहीन हुनु मुलुककै लागि लज्जाको विषय हो । आवासको प्रबन्ध गर्नु सरकारको दायित्व पनि हो । यो कार्य तत्कालै हुनुपर्छ । तर, यतिले मात्र पुग्दैन । नेपालको भूमि-सम्बन्ध अलि जटिल प्रकारको छ । सरकारी तथ्याङ्कले नै भन्छ कि मुलुकभर १२ लाख बढी परिवार सुकुम्वासी र अव्यवस्थित बसोबासीमा दर्ज छन् । जनसंख्यामा हेर्दा त्यो ४०/५० लाखकै हाराहारीमा हुन जान्छ । सरकारको नीति तथा कार्यक्रममा विगतमा 'अव्यवस्थित बसोबासी' भनी परिभाषित गरिएको तप्कालाई सम्बोधन गरेको देखिंदैन । यसबाट जमिनको उपयोगिता, आवासको हक यथोचित रूपमा कार्यान्वयन गर्न कठिन हुने देखिएको छ । सरकारले अव्यवस्थित बसोबासीलाई निश्चित मापदण्ड अनुरूप विगतमा भूमि आयोगले गरेको कामकारबाही अनुरुप व्यवस्थित बनाएपछि बल्ल भूमिहीन सुकुम्वासीको यकिन विवरण पनि आउने देखिन्छ । तर, सरकारले यस सवालमा नीति कार्यक्रममा केही बोलेको छैन । त्यसैगरी सरकारले औद्योगिक क्षेत्रको समग्र वातावरण सुधार गर्न उद्योग र लगानीसँग सम्बन्धित कानून, प्रक्रिया तथा संरचना समयानुकूल बनाउने घोषणा गरेको छ । औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको निर्माण र सञ्चालनमा निजी क्षेत्रलाई आकर्षित गरिने नीति कार्यत्रममा उल्लेख गरिएको छ । तर, मुलुकको औद्योगीकरणको मुख्य समस्या पहिचान गरी त्यसको समाधान नगरी उद्योग धन्दा फस्टाउने अवस्था भने देखिंदैन । सरकारले नयाँ 'राष्ट्रिय औद्योगिक नीति'को तर्जुमा गरी स्टार्टअप, लघु, साना तथा मझौला उद्यमलाई वित्त, प्रविधि, बजार र क्षमता विकासमा पहुँच उपलब्ध गराउने उद्घोष गरेको छ । यो निश्चय नै सकारात्मक सुनिन्छ र विगत केही समयदेखि 'स्टार्टअप'को चर्चा यत्रतत्र सुनिंदै पनि आइएकै छ । तर, विगतमा पनि धेरै पटक स्टार्टअप र साना तथा मझौला उद्यमलाई प्रोत्साहन गर्ने नीति लिइएको थियो, त्यसको कार्यान्वयन प्रभावकारी ढंगबाट हुनसकेको छैन । जसको मुख्य कारण प्रभावकारी र नियमित बजारको अभावले स-सानो उद्यमशीलताको प्रवर्द्धन हुन नसक्नु र ठूला तथा मझौला औद्योगिक क्षेत्रमा गरिने लगानीको प्रतिफलको कुनै सुनिश्चितता नहुनु हो । सरकारको नीतिले न त सानालाई सहयोग गरेको छ, न ठूलालाई आकर्षित नै । परिणामत: औद्योगिक लगानी भित्रिन सकेको छैन । अनि औद्योगिक क्षेत्रले अर्थतन्त्रमा गर्ने योगदानको अनुपात पनि स्थिर र खुम्चिंदो क्रममै रहेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले हालै प्रकाशित गरेको विवरण अनुसार चालु आ.व. २०८२/८३ मा कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान विगतकै अंक वरिपरि अर्थात् केवल १३.८ प्रतिशत रहने प्रक्षेपण गरेको छ । त्यसैगरी कृषि क्षेत्रको योगदान पनि २४.५ प्रतिशत र सेवा क्षेत्रको योगदान ६१.८ प्रतिशत रहने अनुमान गरेको छ । विगत १५ वर्षको तथ्याङ्क हेर्दा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा द्वितीय अर्थात् औद्योगिक क्षेत्रको योगदान १३/१४ प्रतिशतमै सीमित देखिन्छ । प्राथमिक एवम् कृषिजन्य क्षेत्रको योगदान ३४ प्रतिशतबाट घटेर २४ प्रतिशतमा झरेको छ भने सेवा क्षेत्रको योगदान ५२ प्रतिशतबाट बढेर ६२ प्रतिशत पुगेको छ । दुईतिहाइ बहुमतको सरकारले आफ्नो पहिलो नीति तथा कार्यक्रम (जुन स्वत: र सहजै पारित हुनेवाला थियो नै) प्रतिपक्षहरूको आवाजलाई सुन्नेसम्म चेष्टा नगर्नु भनेको सत्ताको मैमत्ता नै हो । अत: सरकार नीति तथा कार्यत्रममा राजनीतिक रूपले 'असफल' भएको मान्न सकिन्छ । प्रतिपक्षको आवाज नसुन्नाले नीति कार्यक्रम केवल सरकार र सत्ताधारी दलकै प्रोपर्टी बन्न पुग्यो र स्वयम् प्रधानमन्त्रीले नै स्वामित्व नलिएको जस्तो देखिएको अवस्थामा कसको नीति र कसको कार्यत्रम ? भन्ने राजनीतिक प्रश्न अनुत्तरित नै रह्यो । अब विगतमा जस्तै सरकारले प्रत्येक वर्ष सार्वजनिक गर्ने नीति तथा कार्यक्रमले केवल परम्पराको निरन्तरता मात्रै अभिव्यक्त गर्ने हो कि त्यसको परिणाममुखी कार्यान्वयन पनि हुनेछ ? त्यो भने भविष्यले नै बताउनेछ । आशा गरौं प्रचण्ड बहुमतको गह्रुँगो सरकारले ल्याएको हल्का नीति तथा कार्यक्रमको नियति भने विगतको जस्तो हुनेछैन ।

*-अनलाइन खबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काममा व्यस्तता बढ्न सक्छ। समय मिलाएर अघि बढ्दा सहज हुनेछ। | **तुला** : धेरै कुरा मनमा खेल्न सक्छन्। गोपनीय विषयमा सतर्क रहनु राम्रो हुनेछ। |
| **वृष** : मन रमाइलो र हलुका रहनेछ। मन पर्ने काममा समय बित्न सक्छ। | **वृश्चिक** : अवसरको संकेत प्राप्त हुन सक्छ। समूहमा गरिएको काम सफल बन्नेछ। |
| **मिथुन** : घरपरिवारको विषयमा ध्यान जान सक्छ। योजना बन्ने सम्भावना छ। | **धनु** :जिम्मेवारी बढ्न सक्छ।वरिष्ठ व्यक्तिबाट प्रशंसा पाइने सम्भावना छ। |
| **कर्कट** : नयाँ जानकारीले उत्साह थप्न सक्छ। यात्रा लाभदायक बन्ने संकेत छ। | **मकर** : नयाँ कुरा सिक्ने अवसर मिल्न सक्छ। योजना अघि बढ्ने संकेत छ। |
| **सिंह** : मेहनतअनुसार प्रतिफल प्राप्त हुन सक्छ। परिवारको साथले खुशी मिल्नेछ। | **कुम्भ** : अरूलाई सजिलै विश्वास नगर्नुहोस्। स्वास्थ्यमा ध्यान दिनु आवश्यक छ। |
| **कन्या** : आत्मविश्वास बढ्नेछ। आफूले थालेको काममा प्रगति हुनेछ। | **मीन** : सहकार्यबाट राम्रो परिणाम आउन सक्छ। मनका कुरा खुलेर गर्दा राहत मिल्नेछ। |

# कृषि

## चिया बगानभित्रै 'सुपारी'को व्यावसायिक खेती



राम्रो बजार र उच्च आर्थिक सम्भावना बोकेको प्रमुख नगदे बालीका रूपमा झापामा चिया र सुपारीको अलग-अलग खेती हुँदै आएको छ । तर, यहाँको एक कम्पनीले भने एउटै जमिनमा दुवै बालीको मिश्रित खेती गरेर नयाँ अभ्यासको थालनी गरेको छ । भद्रपुर नगरपालिका ८ र ९ मा सञ्चालित 'हडिया रियल टि इस्टेट'ले ६० बिघा क्षेत्रफलमा चिया र सुपारीको व्यावसायिक खेती एकसाथ अघि बढाएको हो । चिया र सुपारीको पर्यावरणीय आवश्यकताअनुरुप जलवायु र माटो एकअर्कासँग निकै मिल्दोजुल्दो भएकाले मिश्रित खेती सुरु गरिएको इस्टेटका सञ्चालक भक्ति अधिकारीले जानकारी दिए । "सुपारीको अग्लो बोटले चिया झाडीलाई आवश्यक पर्ने हलुका छहारी दिन्छ", उनले भने, "यसबाट एउटै बगान र एउटै लगानीबाट चिया र सुपारी दुवैको दोहोरो लाभ लिन सकिन्छ ।" झापामा कुनै व्यावसायिक कम्पनीले संस्थागत रूपमै अन्तरबालीका रूपमा यी दुवै बालीको खेती एकसाथ गरेको यो पहिलोपटक हो । उक्त बगानमा करिब एक दशकअघि नै चियाका बिरुवा रोपेर उत्पादन लिन थालिएको थियो भने सुपारीका बिरुवा तीन वर्षअघि मात्र थपिएको हो । हाल ६० बिगाहा क्षेत्रफलमा ६० हजार सुपारीका बोटहरू हुर्किरहेका छन् । चियाले लगातार उत्पादन दिइरहेको भन्दै उनले सुपारीले भने अबको चार वर्षपछि मात्र उत्पादन दिन थाल्ने बताए । चिया बगानभित्र सुपारी विस्तारका लागि कम्पनीले रु एक करोड अतिरिक्त लगानी गरिसकेको जनाएको छ । आगामी दिनमा कूल १०२ बिघा चिया बगानमै अन्तरबालीका रूपमा सुपारीखेती विस्तार गर्ने कम्पनीको योजना छ । "हाम्रो बगानमा चिया पहिल्यै थियो", मिश्रित खेतीको अनुभव सुनाउँदै अधिकारीले भने, "भारतको आसाम भ्रमणका क्रममा त्यहाँ चिया बगानभित्रै सुपारीका बोटहरू हुर्काएको देखेपछि मलाई पनि यो सोच आएको हो । हामीले आसामबाटै उन्नत जातको सुपारीको दाना ल्याएर आफ्नै नर्सरीमा बिरुवा तयार गर्यौं । अहिले ती बोटहरू तीन वर्षका भइसके ।" ऐतिहासिक रूपमा भारतबाटै नेपाल भित्रिएका यी दुवै बालीको मुख्य निर्यात बजार पनि भारत नै हो । हाल नेपालका ३१ जिल्लाको २१ हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा चियाखेती फैलिएको छ भने सुपारीखेती मुख्य गरी कोशी प्रदेशका झापा, मोरङ, सुनसरी, उदयपुर र इलाम गरी करिब चार हजार हेक्टरमा छ । मुलुकको कूल सुपारी उत्पादन र क्षेत्रफलको दुई तिहाइभन्दा बढी हिस्सा झापा जिल्लाले मात्र ओगटेकाले यसलाई 'सुपारीको राजधानी' समेत भनिन्छ । जिल्लाको करिब तीन हजार हेक्टरमा सुपारीखेती हुन्छ । झापाको मेचीनगर र अर्जुनधारा नगरपालिका तथा बुद्धशान्ति गाउँपालिका सुपारी उत्पादनका प्रमुख केन्द्र हुन्, जहाँ रैथाने किसानहरूले परम्परागत रूपमै यसको खेती गर्दै आएका छन् । पछिल्लो समय झापामा छहारी मन पराउने बालीहरू चिया, मरिच, अलैँची र केराको अन्तरबाली लगाएर एउटै जमिनबाट बहुआयामिक लाभ लिने उत्कृष्ट अभ्यास भइरहेको छ । मेचीनगर नगरपालिका-४ का अगुवा किसान रवि नेपालले यसअघि नै व्यक्तिगत रूपमा यस्तो मिश्रित खेतीबाट मनग्य आम्दानी गरिरहेका छन् । व्यावसायिकस्तरमा ठूलो लगानी गरेर चिया र सुपारीको मिश्रित खेती गर्ने जोखिम हडिया रियल टी इस्टेटले पहिलोपटक उठाएको हो । बगानमा सुपारीका बोटहरू क्रमशः हुर्किँदै गएपछि छहारीका लागि पहिले लगाइएका सिरिसलगायतका रुखहरू हटाइएको छ । कम्पनीले सुपारीखेतीको छुट्टै हेरचाह, गोडमेल र मलजलका लागि विशेष प्राविधिक तथा श्रमिकसमेत परिचालन गरेको जनाएको छ । हडिया इस्टेटको यो मिश्रित खेती मोडेल सफल भएमा जिल्लाका अन्य ठूला चिया बगानहरूमा पनि सुपारी खेती विस्तारको नयाँ ढोका खुल्नेछ । यसैको सिको गर्दै मेचीनगर नगरपालिका-१५ स्थित 'वंशल टी इस्टेट'ले पनि परीक्षणका रूपमा चिया बगानभित्र सुपारीका बिरुवा रोप्न सुरु गरिसकेको छ । -रासस

## स्याउ त फल्छ, तर ढुवानी कसरी ?



उत्तरी गोरखामा उत्पादित स्याउ बजारसम्म पुऱ्याउन ढुवानीको समस्या हुने गरेको छ । सडक सञ्जाल नजोडिएका कारण आफूले उत्पादन गरेका स्याउलाई बजारसम्म पुऱ्याउन निकै मुस्किल परिरहेको किसानहरूको गुनासो छ । स्याउ उत्पादन राम्रो भएपनि ढुवानीमा समस्या झेलिरहेको चुमनुब्री गाउँपालिका-४ नाम्रुङमा किसान लाक्पा डुन्डुप बताउँछन् । 'सडक छैन, मान्छेलाई बोकाएर सम्भव हुँदैन,' उनले भने, 'खच्चडबाट ढुवानी गर्दा स्याउमा चोट लागेर आधा बिग्रिहाल्छ ।' सडक नभएकै कारण ढुवानी खर्च निकै महँगो पर्ने गरेको उनको दुखेसो छ । 'नाम्रुङदेखि पाङसिङसम्म खच्चडले प्रति केजी ३५ रुपैयाँ ढुवानी खर्च लिन्छ । पाङसिङबाट गाडीमा बजार ल्याउँदा थप ढुवानी खर्च लाग्छ । ढुवानीकै कारण हामीले घाटा खानुपरेको छ,' उनले भने । डुन्डुपले पाँच वर्षअघि इटालीबाट विरुवा ल्याएर उनले स्याउ खेती थालेको बताए । 'सुरुको चरणमा परीक्षण स्वरूप चार हजार विरुवा लगाएका थिएँ । उत्पादन राम्रो भएपछि खेती विस्तार गर्दै लगेँ,' उनले भने, 'अहिले १२ हजार ५ सय बोट छन् ।' एउटै बोटमा कम्तीमा तीस किलो स्याउ उत्पादन हुने उनले बताए । 'बर्सेनि ५० हजार किलोजति स्याउ फल्छ । तर ढुवानी समस्याले स्टोरमै थन्किने अवस्था छ,' उनले दुखेसो पोखे । बजारमा माग बढी भएपनि ढुवानी गर्न नसकेर स्याउ स्टोरमै थन्किएको उनको भनाइ छ । उनले अगाडि भने, 'फेरि लामो समय यत्तिकै राख्दा स्याउ बिग्रिन्छ, त्यसैले त्यसको सुकुटी, एप्पल साइडर र रक्सी बनाउन थालेका छौं ।' स्याउबाट उत्पादित रक्सी बिक्री वितरणका लागि पालिकाले अनुमति नहुँदा झन् समस्या हुने गरेको उनको अनुभव छ । 'तीस हजार लिटर स्याउको रक्सी अनुमति नभएकैले थन्काएर राखेको छु,' डुन्डुपले भने । यसअघि उनले हेलिकप्टरमार्फत समेत स्याउ ढुवानी गरेका थिए । त्यसरी ढुवानी खर्च झन् महँगो पर्नथालेपछि उनी निराश छन् । 'पर्यटक लिएर मनास्लु क्षेत्र आएको हेलिकप्टर रित्तै फर्कन्थ्यो । त्यसैमा ढुवानी गरेर स्याउ काठमाडौं लगेर पनि बेचें । तर ढुवानी नै महँगो पर्नगयो,' डुन्डुपले भने । ढुवानी समस्याका कारण टिपेर राखेको धेरै स्याउ कुहिएर खेर गएको उनले सुनाए । पालिकाले ढुवानीमा अनुदान दिनुपर्ने उनको माग छ । 'अहिले सामान बोक्ने ड्रोनहरु पनि छन्, पालिकाले की त्यसको व्यवस्था गर्नुपर्‍यो या हेलिकप्टरबाट ढुवानी गर्न अनुदान दिनुपर्‍यो,' उनले भने । अहिले उनले गाला, फुजी, गोल्डेन डेलिसियस, क्विन रेड डेलिसियस र रेड डेलिसियस गरी पाँच जातका स्याउ खेती गरेका छन् । उनका अनुसार असोज र कात्तिक महिनामा स्याउ टिप्ने सिजन हो । आउन लागेको सिजनमा टिप्नुपर्ने स्याउको बजारीकरणबारे उनी चिन्तित छन् । चुमनुब्री गाउँपालिकाको ल्हो, क्याक, सिर्दिवास, लोक्पा लगायतका ठाउँमा पनि स्थानीयले स्याउ खेती गरेका छन् । तर ढुवानी नै प्रमुख समस्या बन्ने गरेको छ । कृषि निर्देशनालयबाट अनुदानमा बिरुवा पाएपनि ढुवानीका लागि कुनै निकायले सहजीकरण नगरेको उनीहरुको गुनासो छ ।

-अनलाइन खबर डटकम

## 'अब कृषि अनुसन्धानका लागि बजेट अभाव हुँदैन'




उद्यमशीलता र रोजगारीका लागि कृषि अनुसन्धान र नवप्रवर्तन भन्ने नाराका साथ नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले ३५औं स्थापना दिवस मनाएको छ । कार्यक्रम उद्घाटन गर्दै कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. राजेन्द्रप्रसाद मिश्रले कृषि अनुसन्धानका लागि सरकारले बजेट अभाव हुन नदिने आश्वासन दिनुभयो । सरकारले कृषि अनुसन्धानको कामलाई प्राथमिकतासाथ अघि बढाएको पनि उहाँको दाबी थियो ।

कृषि अनुसन्धानका लागि ठोस प्रस्ताव आए सरकारले तत्काल बजेट व्यवस्था गर्ने सचिव मिश्रले बताए । उनले नार्कमा रिक्त दरबन्दीहरू यस वर्षदेखि सुरु हुन थालेको जानकारी गराउनुभयो । मिश्रका अनुसार नार्कको विनियम आएको छ । पुनर्संरचनाको काम सुरु भएको छ । ऐन संशोधनका लागि कार्यदल गठन भएको छ । २०४८ सालमा 'नेपाल कृषि अनुसन्धान परिषद् ऐन' अन्तर्गत स्थापना भएको नार्क कृषि अनुसन्धान, नीति निर्माणमा सहयोग, प्रविधि विकास तथा जैविक विविधता संरक्षणका लागि कार्यरत स्वायत्त सरकारी निकाय हो । गत आर्थिक वर्ष तीन अर्ब ५८ करोड बजेट पाएको नार्कको अधिकांश रकम प्रशासनिक काममा खर्च हुँदै आएको छ । चरम जनशक्ति अभावबीच गुज्रिँदै आएको नार्कले विभिन्न बहानामा विदेश पलायन भएका कृषि वैज्ञानिकलाई कारबाही गर्ने भएको छ । नार्कमा कार्यरत उनीहरू अध्ययन तथा अन्य बहानामा विदेश गएर हालसम्म पनि काममा नफर्किएका कारण उनीहरूमाथि कारबाही प्रक्रिया सुरु गरिएको हो । उनीहरूबाट हर्जानास्वरूप करिब सात करोडभन्दा बढी असुलउपर गर्ने गरी प्रक्रिया अघि बढिसकेको नार्कका निर्देशक डा. भानुभक्त पोखरेलले जानकारी गराएका थिए । नार्कको ३५औं स्थापना दिवसको पूर्वसन्ध्यामा ललितपुरमा आयोजित अन्तरक्रिया कार्यक्रममा उनले बढ्दो कृषि वैज्ञानिक पलायनका साथै विगत लामो समयदेखि वैज्ञानिक, प्राविधिक र अन्य कर्मचारी गरी आधाभन्दा बढी जनशक्तिको पदपूर्ति हुन नसक्दा कृषि अनुसन्धानका क्षेत्रमा नार्कले अपेक्षाअनुसार प्रगति गर्न नसकिरहेको बताएका थिए । प्रशासनतर्फ ४५ प्रतिशत, लेखातर्फ ४२ प्रतिशत, प्राविधिकतर्फ ५१ प्रतिशत, प्राविधिक अधिकृततर्फ ५१ प्रतिशत र वैज्ञानिकतर्फ ५५ प्रतिशत दरबन्दी रिक्त रहेको नार्कले जनाएको छ । साधन स्रोत अभावबीच पनि नार्कले स्थापनायता विभिन्न एक सय १७ बाली गरी कुल १२ सय ७६ जात सिफारिस गरेको जनाएको छ । तीमध्ये करिब दुई सय ७७ सात सूचीबाट हटाइएका छन् । सिफारिस गरिएका जातहरूको औसत अनुशरणदर धानबालीमा ३५, मकैमा ४२, गहुँमा ९४, मुसुरोमा ६० र आलुमा ४६ प्रतिशत रहेको छ । नार्क स्थापनापछि खेतीयोग्य जग्गा नगण्यमात्रामा वृद्धिका बाबजुद पनि प्रमुख खाद्यान्न बालीहरूको उत्पादन र उत्पादकत्व उल्लेख्यरूपमा वृद्धि भएको नार्कको भनाइ छ । जसअनुसार धान उत्पादन एक सय २१, मकै एक सय ५२ र गहुँ उत्पादन दुई सय एक प्रतिशतले बढेको छ । त्यस्तै, धानमा उत्पादकत्व ५४, मकैमा ७८ र गहुँमा एक सय २१ प्रतिशत पुगेको छ । त्यसैगरी लोपोन्मुख रैथानेबाली संरक्षणमा नार्कले काम गर्दै आएको छ । नार्कअन्तर्गत सञ्चालनमा रहेको जिन बैंकमा हालसम्म तीन सयभन्दा बढी बालीका १८ हजारभन्दा बढी जिनोटाइम संरक्षित अवस्था रहेका बताइएको छ । नार्कका अनुसार हालसम्म संरक्षित संख्यामा बालीतर्फ १२ सय ६७ प्रजातिका बीउ, ६१ प्रजातिका तन्तु र दुई सय ६४ प्रजातिका डिएनए जिन बैंकमा थप गरिएको छ । त्यसैगरी दुई हजारभन्दा बढी बालीको पासपोर्ट डेटा तयार पारिएको छ भने ५३ वटा उत्कृष्ट प्रजनन् सामग्री पहिचान गरिएको छ । नार्कका कायममुकाय( कामु) कार्यकारी निर्देशक डा. श्रीमत श्रेष्ठले पनि सीमित साधनका कारण नार्क कृषि अनुसन्धानका क्षेत्रमा अपेक्षाअनुसार काम गर्न नसकिरहेको बताएका थिए । कृषिजन्य भौतिक पूर्वाधारमा धनी नार्क स्रोत साधनमा भने उपेक्षित बन्दै आएको छ । स्रोत साधनकै अभावमा नार्कले विकास गरेका कृषिजन्य बालीका कतिपय राम्रा जातहरू किसानसम्म पुग्न सकेका छैनन् ।

-हिमालय टाइम्स डटकम

## आलुखेतीबाट आत्मनिर्भर बन्दै किसान



बेलाबेला पानी परेकाले बैतडीको पाटन नगरपालिका-८ किसान केशव बिष्ट यस वर्ष आलु राम्रो फल्ने आशामा छन् । वार्षिक आलुखेतीबाट आठदेखि १० लाख रुपैयाँसम्म आम्दानी गर्दै आएका बिष्ट उत्पादनसँगै आम्दानी पनि बढ्ने भएकाले दङ्ग छन् । "समयमै पानी परेका कारण उत्पादन राम्रो हुने आशामा छौं । खेतहरू आलुखेतीले हरियाली भएका छन्", बिष्टले भने, "हामीले आलुसँगै अन्य सिजनअनुसारका तरकारीखेती पनि गर्दै आएका छौं ।" बैतडीको पाटन नगरपालिका-८, ९ र १० आलुखेतीका लागि पकेट क्षेत्र हुन् । बिष्टजस्तै यहाँका अधिकांश किसान आलुखेतीसँगै अन्य मौसमअनुसारका तरकारीखेतीबाट नै आत्मनिर्भर बन्दै गएका छन् । बैतडीबाट मात्रै वार्षिक डेढदेखि दुई करोड रुपैयाँसम्मको आलु निर्यात हुने गरेको कृषि ज्ञान केन्द्र बैतडीले जनाएको छ । यस वर्ष समयसमयमा पानी परेकाले विगतको तुलनामा २० प्रतिशतसम्म वृद्धि हुनसक्ने कृषि ज्ञान केन्द्रका प्रमुख हरिदत्त जोशीले जानकारी दिए । आलुसँगै अन्य मौसमी तथा बेमौसमी तरकारीका लागि यो पकेट क्षेत्र भए तापनि शीतभण्डार र सिँचाइको अभावमा किसानले प्रत्येक वर्ष घाटा व्यहोर्दै आएका छन् । यस क्षेत्रमा एउटा शीतभण्डार छैन, आलुको बीउ राख्नका लागि यहाँबाट डडेल्धुरा लैजानुपर्ने बाध्यता रहेको किसानहरूले बताउँदै आएका छन् । शीतभण्डार सञ्चालनमा नआउँदा मर्कामा किसान प्रदेश र सँघ सरकारको लगानीमा पाटन-८ खोड्पे क्षेत्रमै बनेका दुई शीतभण्डार वर्षौंदेखि प्रयोगविहीन छन् । वर्षौंदेखि अलपत्र अवस्थामा रहेको शीतभण्डार सञ्चालनमा नआउँदा कृषि उपजलाई सुरक्षित राख्न नपाएको र आलुको बीउसमेत राख्न समस्या हुने गरेको अर्का किसान नरबहादुर बिष्ट बताउँछन् । यस क्षेत्रमा बनेका शीतभण्डार पनि प्रयोगमा छैनन्, शीतभण्डार सञ्चालन गर्न सरोकारवाला निकायले चासो नदेखाएको उनको गुनासो छ । पाटन नगरपालिका-८ खोड्पेमा प्रदेश सरकारको सहयोगमा करिब ४२ लाख रुपैयाँ लागतमा बनेको शीतभण्डार सञ्चालनमा आएको छैन । आर्थिक वर्ष २०७९/८० मा प्रदेश सरकारको सहयोगमा निर्माण सम्पन्न भएको शीतभण्डार सञ्चालनमा आउन सकेको छैन । शीतभण्डारका सञ्चालक मोहनदेव भट्टले प्रदेश सरकारको रु १५ लाख अनुदानमा निर्माण गरेको भए पनि प्रयोगमा ल्याएका छैनन् । शीतभण्डार निर्माणको क्रममा अनुदान पाएका भट्ट अहिले सम्पर्कमा नरहेको कृषि ज्ञान केन्द्रका प्रमुख जोशीले बताए । त्यसैगरी, खोडपे क्षेत्रमै बनेको अर्को शीतभण्डारको काम सम्पन्न हुनसकेको छैन । साविकको नयाँ सहर आयोजनाको कार्यालयद्वारा ८४ लाख २९ हजार ८१ रुपैयाँ लागतमा बनेको शीतभण्डारमा विद्युत् जडान नहुँदा प्रयोगमा आउन सकेको छैन । विद्युत् जडानसँगै केही प्राविधिक उपकरण जडानको काम बाँकी छ । उक्त शीतभण्डारमा विद्युत् जडानको लागि बजेट नआएकाले आगामी वर्षका लागि माग गरिएको नयाँ सहर आयोजनाको कार्यालय गाभिएको सघन सहरी तथा भवन निर्माण आयोजनाको कार्यालयका सूचना अधिकारी विशाल श्रेष्ठले जानकारी दिए ।

-रासस

# नक्कली नोट छाप्ने दुईजना पक्राउ



**बुटवल,** जेठ ९/रुपन्देहीमा नक्कली नोट छाप्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय रुपन्देहीले उनीहरुलाई कम्प्युटर र प्रिन्टरसहित पक्राउ गरेको हो ।

जिल्लाको लुम्बिनी साँस्कृतिक नगरपालिकाबाट नोट छाप्न प्रयोग गरिने कम्प्युटर, प्रिन्टर, कैची तथा केही नक्कली नोटसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको प्रहरीले जनाएको हो । पक्राउ पर्नेहरुमा भारत ककरहवा सिद्धार्थनगर नौगढ उत्तर प्रदेश बस्ने अब्दुल गृफरको छोरा ३८ वर्षीय अब्दुल हमिद र रुपन्देही लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.११ मसिना बस्ने २२ वर्षीय बिक्की भन्ने अनिल पासी रहेका छन् । जिल्ला प्रहरी कार्यालय रुपन्देहीका अनुसार गोप्य सूचनाका आधारमा प्रारम्भिक अनुसन्धानको क्रममा उक्त कार्यमा संलग्न रहेका व्यक्तिहरुको पहिचान एवं खोजतलास गर्ने क्रममा इलाका प्रहरी कार्यालय लुम्बिनीबाट खटिएको प्रहरी टोलीले नोट छाप्ने स्थान र छाप्ने सामग्रीसहित उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ परेकाहरुबाट सबै नोटहरुमा एउटै नम्बर ङ २५ ०२४९१२ रहेको नक्कली नेपाली पाँच सय दरको नोट ३० थान, नेपाली रुपियाँ १००, ५०० र १००० दरको प्रिन्ट भई कटिङ्ग नगरेको अवस्थामा रहेका नक्कली नोट सात थान, नक्कली नोट प्रिन्ट गर्न प्रयोग गरेको सिपीयु एक थान, नक्कली नोट प्रिन्ट गर्न प्रयोग गरेको प्रिन्टर एकथान, नक्कली नोट प्रिन्ट गर्न प्रयोग गरेको मोनिटर एकथान, मोबाइल दुई थान र कैची एकथान लगायत कागजहरु बरामद भएको प्रहरीले जनाएको छ ।

# नेपाल पत्रकार महासंघ...

...महासंघले सुरुवात गरेको आन्दोलनप्रति एक्यवद्धता जनाउँदै आगामी दिनमा गरिने आन्दोलन थप सशक्त बनाउन केन्द्रीय समितिलाई माग गर्ने, जिल्लाका १० वटै स्थानीय तह, संघ तथा प्रदेश अन्तर्गत सञ्चालित सरकारी निकायलाई जिल्लाबाट सञ्चालित साना तथा स्वरोगारमुखी सञ्चारमाध्यम, पत्रकार तथा सञ्चारकर्मीलाई पेशामा टिकाई राख्नका लागि मिडिया सबलीकरण कार्यक्रम तर्जुमा गरी समानुपाति ढंगले कार्यान्वयन गर्न माग गर्ने , पाल्पाको समग्र विकास, पर्यटन र सञ्चार माध्यमको विकासका लागि राज्यका तर्फबाट विशेष राहत प्याकेज र प्रोत्साहन कार्यक्रम ल्याउन यो सभा तीन तहका सरकारको ध्यानाकर्षण गराउने घोषणा पत्रमा उल्लेख छ । उक्त घोषणा पत्र पत्रकारहरु माधव अर्याल, मिलन विश्वकर्मा, यज्ञमूर्ति तिमिल्सेना, देव पचाभैया,पदम गैरे, कृष्ण कार्की लगायतले तयार पारेका थिए । बन्द सत्रले सचिव रामचन्द्र रायमाझीले प्रस्तुत गरेको महासंघको कार्यप्रगति र सांगठनिक प्रतिवेदन र कोषाध्यक्ष विजय बौडेलले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन सर्वसम्मत रुपमा पारित गरेको छ । बन्द सत्रमा महासंघका केन्द्रीय सदस्य रामराज पोखरेल, महासंघका प्रदेश उपाध्यक्ष रामप्रसाद आचार्य, महासंघ पाल्पाका पूर्व अध्यक्षहरु गोविन्द भट्टराई, भगवान भण्डारी, राजेश कुमार अर्याल, रेखिराम राना लगायतले आ-आफ्ना कुराहरु राखेका थिए ।

साधारण सभाको लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेम बहादुर सारुले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै उनले समाज र राष्ट्र निर्माणमा जिल्लाका पत्रकारहरुले खेलेको भूमिका महत्वपूर्ण रहेको बताए । उनले हालै संघीय सरकारले निजी मिडियाहरुलाई विभेदन गर्ने गरी ल्याएको निर्णय गलत भएको बताए । उद्घाटन सत्रमा जिल्ला समन्वय प्रमुख टंकनाथ खनाल, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रामराज पोखरेल, तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, रम्भा गाउँपालिकाका अध्यक्ष विष्णु भण्डारी, माथागढी गाउँपालिकाका अध्यक्ष यमबहादुर चिदी, पत्रकार महासंघ लुम्बिनी प्रदेशका उपाध्यक्ष रामप्रसाद आचार्य, पाल्पा शाखाका पूर्व अध्यक्ष गोविन्द भट्टराई, सल्लाहकार कृष्ण दर्नाल, अक्षयकोषदाताको तर्फबाट लुम्बिनी मेडिकल कलेज प्रभासका कम्पनी सचिव कृष्णा पराजुली, लुम्बिनी प्रदेश सञ्चार परिषद् अध्यक्ष मिलन गाहा, नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्याल लगायतले साधारण सभाको सफलताको शुभकामना व्यक्त गरेका थिए । महासंघ पाल्पा शाखाका अध्यक्ष कमलराज तिमिल्सेनाको अध्यक्षता, उपाध्यक्ष मुक्ति न्यौपानेको स्वागत, सचिव रामचन्द्र रायमाझीको सञ्चालनमा कार्यक्रम भएको थियो ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


खेलकुद समाचार

## काभा महिला भलिबल नेपाल भारतसँग पराजित



**काठमाडौं,** जेठ ९/शनिबारदेखि घरेलु मैदानमा शुरू भएको काभा महिला भलिबल च्याम्पियनशिपमा नेपाल भारतसँग पराजित भएको छ । त्रिपुरेश्वरमा रहेको राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा भएको खेलमा नेपाल भारतसँग ३-२ को सेटमा पराजित भएको हो । भारतले दोस्रो सेट २५-२०, तेस्रो सेट २५-१९ र पाँचौं सेट १५-९ ले जित्यो । नेपालले पहिलो सेट २५-२१ र चौथो २५-२१ ले जित्यो । शुक्रबार भएको पहिलो खेलमा इरानले बङ्गलादेशलाई ३-० को सोझो सेटमा हराएको छ । यस्तै अहिले किर्गिस्तान र माल्दिभ्स खेलिरहेका छन् । नेपालले आफ्नो दोस्रो खेलमा भोलि किर्गिस्तानसँग खेल्नेछ । प्रतियोगिताको समूह 'ए' मा नेपाल, भारत, किर्गिस्तान र मालदिभ्स छन् । समूह 'बी' मा इरान, काजकिस्तान, श्रीलङ्का र बङ्गलादेश रहेका छन् ।

अर्थ/कर्पोरेट समाचार

## ज्येष्ठ र अपाङ्गता नागरिकलाई विशेष व्यवस्था गर्न केन्द्रीय बैंकको निर्देशन




**काठमाडौं,** जेठ ९/नेपाल राष्ट्र बैंकले ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक र साक्षरता नभएका व्यक्तिलाई विशेष प्राथमिकता दिई सहज रूपमा बैंकिङ सुविधा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ ।

राष्ट्र बैंकले क, ख र ग वर्गका संस्थालाई एकीकृत निर्देशन जारी गर्दै त्यस्ता ग्राहकलाई विशेष काउण्टरबाट सेवा प्रदान गर्न भनेको हो । इजाजतप्राप्त संस्थाले एकापसमा सहकार्य गरी हरेक पालिकामा कम्तीमा एक शाखा अपाङ्गमैत्री बनाउनुपर्ने र त्यस प्रकारका शाखाको विवरण आफ्नो वेबसाइटमा राख्नुपर्ने नयाँ व्यवस्था गरिएको छ । 'एटिएम लाउञ्ज' भएका ठाउँमा ब्रेललिपि तथा ध्वनि सहयोगसहितको कम्तीमा एक अपाङ्गमैत्री एटिएम अनिवार्य राख्नुपर्नेछ । अपाङ्गता भएका व्यक्तिले एटिएम, मोबाइल बैंकिङ र इन्टरनेट बैंकिङ स्वयं प्रयोग गर्न सक्ने स्वघोषणा गरेमा संस्थाले त्यो सेवा उपलब्ध गराउनुपर्नेछ । वेबसाइट र मोबाइल एप दृष्टिसम्बन्धी अपाङ्गता भएकाले समेत प्रयोग गर्न सक्ने गरी विकास गर्नुपर्ने र क्रेडिट तथा डेबिट कार्डमा दृष्टिविहीनमैत्री प्रविधि जडान हुनुपर्ने व्यवस्था गरिएको छ । यसैगरी, अतिरिक्त समयमा काम गराउँदा थप पारिश्रमिक दिनुपर्ने र कर्मचारीलाई कार्यालय समयबाहिर काम गर्न बाध्य पार्न नपाइने व्यवस्था पनि एकीकृत निर्देशनमा उल्लेख छ ।


## भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

CTEVT बाट स्वीकृति प्राप्त यस पाल्पा टेक्निकल इन्स्टिच्यूट तानसेन, पाल्पामा शैक्षिक वर्ष २०८३/०८४ को लागि ३ वर्षे डिप्लोमा कार्यक्रम/प्रमाण पत्र तह **सामान्य चिकित्सा**(H.A.), **मेडिकल ल्याव्रोटोरी टेक्नोलोजि** (CMLT) र **फिजियोथेरापी** विषयमा भर्ना खुलेको जानकारी गराउँदै उक्त विषय अध्ययन गर्न ईच्छुक SLC वा SEE मा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा २.० जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी/प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको विद्यार्थीहरुले भर्नाको लागि समयमै सम्पर्क गर्न जानकारी गराईन्छ ।

**आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :**


१) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को दुई प्रति रंगीन फोटो ।
२) एस.एल.सी.वा प्राविधिक एस.एल.सी (प्रि-डिप्लोमा) वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांकपत्र र प्रमाणपत्रको प्रतिलिपी ।
३) नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।
४) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपी ।
५) आफु पर्ने लक्षित वर्ग खुल्ने कागजातको सक्कल प्रति ।

**- आवेदन फारम ईन्स्टीच्युटबाट वितरण भैरहेको छ ।**
**- फारम बुझाउने अन्तिम मिति-२०८३ जेष्ठ १३ गते बुधबार**
**(कार्यालय समय भित्र)**

सम्पर्क
**पाल्पा टेक्निकल ईन्स्टिच्युट**
मेहलधारा -२, तानसेन, पाल्पा
(पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र नजिकै (आफ्नै भवनमा)
फोन नं. ०७५-५२०७१४
मोबाईल नम्बर ९८५७०६०३४६, ९८४७०२९८१६, ९८४७०६८०५२,९८४५६३५१७४



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई